**प्रेस बिज्ञप्ति**

संचारकर्मी साथीहरु,

गैरआवासीय नेपाली संघको हालै काठमाण्डौंमा सम्पन्न छैटौं अधिवेशनबाट चुनिएको गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषद्को नयाँ कार्यसमितिको पहिलो बैठक २०७० साल कात्तिक ८ गते संघको कार्यालय टेकुमा संघका नवनिर्वाचित अध्यक्ष श्री शेष घलेको अध्यक्षमा सम्पन्न भयो ।

'नेपालीका लागि नेपाली' भन्ने मूल मर्मलाई आत्मसाथ गर्दै बसेको पहिलो बैठकले दीगो आर्थिक बिकाशलाई नेपालको गरिवी निवारणको मुख्य अस्त्रका रुपमा ठहर गरेको छ । त्यसैले बर्तमान कार्यसमितिको पुरै अबधि (दुई बर्ष) गैरआवासीय नेपाली संघले नेपालको आर्थिक बिकाश र लगानी विस्तार तथा सहजीकरणका लागि सरकारसँग लविङ र उद्यमशीलता बिकाशमा ध्यान केन्द्रीत गर्ने छ ।

गैरआवासीय नेपालीहरुको पूँजी तथा प्रत्यक्ष बैदेशिक लगानी आर्कर्षित गर्न लगानीमैत्री वातावरण आबश्यक पर्ने भएकाले त्यसका लागि सरकार तथा सम्बन्धित क्षेत्रसँग निरन्तर लविङ गर्नुपर्नेमा वैठकले बिशेष जोड दिएको छ ।

लगानीयोग्य सम्भावित परियोजना  तथा बिकल्पहरुबारे कार्यसमितिमा बिस्तृत छलफल गर्दै त्यसका लागि थप अध्ययन गर्ने निर्णय गरेको छ । मुलुकमा रोजगारी सिर्जना हुने र पूर्वाधार बिकाशजन्य परियोजनालाई ग्राहयता दिदै सामूहिक लगानीको परियोजनालाई थप शसक्त बनाउने बैठकले निणर्य गरेको छ ।
गैरआवासीय नेपाली संघले नेपालमा उद्यमशीलता बिकाशका लागि बिशेष जोड दिनेछ । यसले गैरआवासीय नेपालीहरुलाई उद्यमशील र सक्षम बनाइ 'नेपालीका लागि नेपाली- सम्बृद्ध नेपाल' अभियानमा महत्वपूर्ण भूमिका खेल्न सक्ने बनाउने बिश्वास लिएका छौं ।
गैरआवासीय नेपाली संघले आगामी दिनमा परोपकारी कार्यलाई अझै उचाईमा पुराउने छ । जस अन्तरगत बैदेशिक रोजगारीमा गएका पिडीत नेपाली कामदारका लागि आपतकालिन राहत कोष स्थापना गरिएको छ ।

**बुँदागतरुपमा बैठकले निम्न निर्णयहरु गरेको छ-**

१. नेपालको दिगो आर्थिक बिकाश, रोजगारी सिर्जना र पर्यटन उद्योगको बिकाशलाई प्राथमिकता दिँदै नेपालमा  गैरआवासीय नेपालीको लगानीमा नयाँ पाँच तारे होटल स्थापनाका लागि सम्भाब्यता अध्ययन प्रकृयालाई अगाडी बढाउने र नेपालको पर्यटन पूर्वाधार बिकाशका लागि रणनीति बनाउने
२. मुलुकमा रोजगारी सिर्जना हुने र पूर्वाधार बिकाशजन्य परियोजनालाई ग्राहयता दिदै सामूहिक लगानीको परियोजनालाई थप शसक्त बनाउने । साथै गैरआवासीय नेपाली संघले नेपालमा उद्यमशीलता बिकाशका लागि बिशेष जोड दिनेछ  ता कि गैरआवासीय नेपालीहरुलाई उद्यमशील र सक्षम बनाइ 'नेपालीका लागि नेपाली- सम्बृद्ध नेपाल' अभियानमा एनआरएनले महत्वपूर्ण भूमिका खेल्न सक्नेछन् ।

३. बैदेशिक रोजगारीका लागि खाडी मुलुक तथा मलेसियामा गई मृत्यु हुने, अंगभंग हुने तथा अलपत्र पर्ने नेपाली श्रमिक दाजुभाईहरुको पीडामा मल्हम लगाउन गैरआवासीय नेपाली संघले 'राहत कोष'को स्थापना गर्ने । जसका लागि अध्यक्ष शेष घलेले १ करोड रुपैयाँ प्रदान गर्नुभएको छ । तत्कालै कोषमा रकम थप्ने र सहयोगी संस्थाहरुसंग सहकार्य गर्ने प्रकृया सुरु हुने छ । कोष संचालन कार्यबिधि तयार भएपछि यसको कार्यन्वयन प्रकृयाबारे विस्तृत जानकारी गराइने छ ।

४. गैरआवासीय नेपाली संघको काठमाण्डौंमा आफ्नै भवन निर्माण गर्ने निर्णय गर्दै त्यसका लागि संस्थाका अध्यक्ष श्री शेष घलेको अध्यक्षतामा भवन निर्माण समिति गठन गरिएको छ। भवन निर्माणका लागि अध्यक्ष शेष घलेले १ करोड रुपैयाँ सहयोग गर्ने घोषणा गर्नुभयो भने वैठकमा उपस्थति अन्य पदाधिकारीहरुले पनि आ-आफ्नो तर्फबाट सहयोग रकमको घोषणा गर्नुभएको छ। पहिलो वैठकबाटै भवन निर्माणका लागि दुई करोड रुपैयाँ संकलन भएको छ। भवन निर्माण सम्पन्न गर्न थप रकम आबश्यक पर्ने भएकाले बिश्वभर छरिएर रहेका सवै गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद्लाई सहयोग जुटाउने कार्यमा केन्द्रीत हुन बैठकले अनुरोध गरेको छ।

अन्त्यमा,

छैंटौं बिश्व सम्मेलन र अधिवेशन सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा निवर्तमान कार्यसमितिलाई धन्यवाद दिंदै उहाँहरुको योगदानको उच्च मूल्याङ्कन गरिएको छ। सोही कार्यक्रममा सम्मेलनमार्फत् निर्वाचित अध्यक्षलगायतका पदाधिकारीहरुलाई निर्वाचन समिति संयोजक श्री नरेश कोइरालाले प्रमाणपत्र हस्तान्तरण गर्नुभयो । साथै गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषद्को प्रवक्तामा एनआरएन अष्ट्रेलियाका संस्थापक अध्यक्ष एवं ओसियानाका पूर्व संयोजक मन केसीलाई नियुक्त गर्ने निर्णय गरिएको छ।

धन्यवाद।

मितिः २०७० कार्तिक ९ शनिवार